का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ असोज २०७९,
बिहीबार
22 September 2022,
Thursday

मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २०, अंक २२९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# राष्ट्रपतिले मानिनन् संविधान सरकारले के गर्ला ?

मंगलबार विधेयक प्रमाणीकरणका लागि पुगेको १५ दिन पूरा भएको छ तर राष्ट्रपतिले त्यसलाई प्रमाणीकरण गरिनन् । अब सरकारले के गर्ला भन्ने आम चासो छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ५ असोज ।



राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरेर संविधानको उल्लंघन गरेकी छन् । २९ साउनमा १५ बुँदे सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाएको नागरिकता विधेयक प्रतिनिधिसभा र राष्ट्रयसभाले हुबहु पास गरेको थियो । २० भदौमा सभामुख अग्निप्रसाद सापकोटाले प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाएका थिए ।

संविधानको व्यवस्थाअनुसार यो विधेयक ४ असोज मध्यरातसम्म प्रमाणीकरण गरिसक्नुपर्ने थियो, तर राष्ट्रपति भण्डारीले प्रमाणीकरण गरिनन् । जसलाई संविधानको धारा ११३ (४) को गम्भीर उल्लंघन मानिएको छ ।

संविधानको धारा ११३ (३) मा आर्थ बाहेकको विधेयक राष्ट्रपतिले पुनर्विचारका लागि सन्देशसहित फिर्ता गर्न सक्ने व्यवस्था छ । यो अधिकार प्रयोग गर्दै राष्ट्रपति भण्डारीले प्रमाणीकरणका लागि आएको नागरिकता सम्बन्धी विधेयक २९ साउनमा १५ बुँदे सन्देशसहित फिर्ता गरेकी थिइन् ।

राष्ट्रपति भण्डारीले २९ साउनमा प्रतिनिधिसभामा फिर्ता पठाइएको विधेयक प्रतिनिधिसभा र राष्ट्रिय सभाले हुबहु पास गऱ्यो । दुबै सदनबाट पारित भएपछि २० भदौमा प्रमाणीकरणका लागि सभामुख अग्नि प्रसाद सापकोटाले पुनः राष्ट्रपतिकहाँ पठाएका थिए । संविधानतः दोस्रोपटक प्रमाणीकरणका लागि पुगेको विधेयक फिर्ता पठाउने वा प्रमाणीकरण नगर्ने छुट राष्ट्रपति भण्डारीलाई छैन् । यस अनुसार राष्ट्रपति भण्डारीले नागरिकता विधेयक ४ असोज मध्यरातसम्म प्रमाणीकरण गरिसक्नुपर्ने थियो । नागरिकता विधेयक प्रमाणीकरण नभएपछि राष्ट्रपतिको कदमलाई लिएर सरकार र सत्तारुढ दलहरुले कानुनविदहरुसँग परामर्श लिएका छन् ।

प्रधानमन्त्री निवास वालुवाटार पुगेर कानुन व्यवसायीहरुले सरकारलाई नागरिकता विधेयकको प्रमाणीकरण नगर्ने राष्ट्रपति भण्डारीको कदम असंवैधानिक भएकोले सर्वोच्च अदालत जान सुझाएका छन् ।

राष्ट्रपतिलाई संविधानले दिएको जिम्मेवारी पूरा नगरेको कानुनविदहरुको भनाइ छ । छलफलपछि अधिवक्ता पदमबहादुर रोकायाले दोस्रो पटक शीतल निवास पुगेको विधेयकलाई इन्कार गर्न नमिल्ने बताए ।

'संसद्बाट विधेयक पारित गरेर पठाइसकेपछि एक पटकलाई पुनर्विचारका लागि पठाउन सकिने छ । संसद्ले त्यसलाई फेरि राष्ट्रपतिलाई पठाइसकेपछि त्यो विधेयकलाई इन्कार गर्ने, आफ्नो खल्तीमा राख्ने, त्यसलाई प्रमाणीकरण नगरिकन बस्ने प्रकारको अधिकार संविधानले दिएको छैन' उनले भने । संविधानभन्दा बाहिर कोही पनि जान नपाउने आफुहरुको राय रहेको उनले सुनाए ।

संविधानले तोकेको १५ दिनमा विधेयक प्रमाणीकरण नगरी राष्ट्रपतिबाट संविधान उल्लंघन भएको कानुनविदहरुको – बाँकी पृष्ठ २ मा

# एकातिर स्वागत, अर्कातिर विरोध

नागरिकता विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपतिको कदमले संवैधानिक व्यवस्थामाथि प्रहार गरेको सत्तागठबन्धनको ठहर छ । तर, एमालेले राष्ट्रपतिको पक्षमा प्रदर्शन गरेको छ ।





राष्ट्रपतिको विरोधमा जनकपुरमा भएको प्रदर्शन (बायाँ), राष्ट्रपतिको समर्थनमा काठमाडौंमा भएको प्रदर्शन ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

सत्तारुढ गठबन्धनमा रहेका चार राजनीतिक दल राष्ट्रपतिको कदम असंवैधानिक, संसद्को घोर अपमान भएको निष्कर्षमा पुगेको छ । नागरिकता विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपति विद्यादेवी भण्डारीको कदमले संवैधानिक व्यवस्थामाथि नै प्रहार गरेको सत्तागठबन्धनको ठहर छ ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले संयुक्त विज्ञप्ति जारी गरी राष्ट्रपतिले संविधानको पालना गर्नुपर्ने कर्तव्यको संवैधानिक व्यवस्थामाथि नै प्रहार गरेको ठहर गरेको हो ।

'राष्ट्रपतिको यो गैरसंवैधानिक कदमबाट जनताले निर्वाचित गरेको संघीय संसद्को घोर अपमान र अवमूल्यन भएको छ' प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जसपा अध्यक्ष उपेन्द्र यादवले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभाले पारित गरेर पठाएको नागरिकता ऐन २०६३ को संशोधन विधेयक राष्ट्रपति भण्डारीले १५ दिनको समयसीमा मंगलबारसम्म प्रमाणीकरण नगरेपछि बुधबार सत्तारुढ चार दलको बैठक बसेको थियो । उक्त बैठकले राष्ट्रपतिको कदमले नेपाली नागरिक आमाबाबुका सन्तानले नागरिकता पाउने संवैधानिक हकबाट वञ्चित भएको र संविधानसभाले बनाएको संविधानको आधारभूत मूल्यमान्यतामा गम्भीर प्रहार भएको ठहर गरेको छ । – बाँकी पृष्ठ २ मा

## आजदेखि अस्थायी मतदाता नामावली संकलन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ असोज ।

आज (बिहीबार)देखि अस्थायी मतदाता नामावली संकलन गर्ने निर्वाचन कार्यतालिका छ । प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने चुनावका लागि निर्वाचन आयोगले आजदेखि अस्थायी मतदाता नामावली संकलन गर्ने भएको हो ।

अस्थायी मतदाता नामावलीमा समावेश गरिएका मतदाताले प्रतिनिधि सभा तर्फको समानुपातिक निर्वाचन प्रणाली तर्फमात्र मतदान गर्न पाउने व्यवस्था छ । यस्ता मतदाताले प्रदेश सभा तर्फको समानुपातिक निर्वाचन प्रणालीतर्फ भने मतदान गर्न पाउने छैनन् ।

थुनुवा/कैदी निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी सरकारबाट स्वीकृत लिई सञ्चालन भएको बृद्धाश्रममा बसेका व्यक्तिको अस्थायी मतदाता नामावली संकलन गरी मतदान गर्न पाउने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ । – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## करिब दुई महिना कतारको भिजिट भिसा बन्द

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ५ असोज

नोभेम्बर २० देखि सञ्चालन गर्ने विश्वकप फुटबल प्रतियोगिता अवधिमा कतारले करिब दुई महिनाका लागि भिजिट भिसा बन्द गर्ने जनाएको छ । कतारको गृह मन्त्रालयद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा कतारले आगामी १ नोभेम्बरदेखि डिसेम्बर २३ सम्म भिजिट भिसा बन्द रहने जानकारी दिएको छ ।

उक्त अवधिमा विश्वकप फुटबलका खेलहरू सञ्चालन गरिने तालिका यसअघि नै सार्वजनिक भएको छ । उक्त समयमा विश्वकप फुटबलको म्याच हेर्ने टिकट भएकाले मात्रै कतार प्रवेशको भिसा पाउने छन् । त्यसले नेपालको वैदेशिक रोजगार प्रभावित हुने आंकलन गरिएको छ ।

उक्त समयमा फुटबलको रौनक ह्वात्तै बढ्ने हुँदा 'हय्या कार्ड' हुने विदेशी पर्यटकले मात्र कतार प्रवेश गर्न पाउने जानकारी दिइएको छ । हय्या कार्ड हुनेहरूले हवाई, स्थल र सामुद्रिक सिमानाबाट प्रवेश पाउने छन् ।

कतारको उक्त निर्णयबाट कतार बाहिर रहेका कतारी नागरिक र कतारी आइडी भएका सबै यात्रु, वर्क परमिट भिसा – बाँकी पृष्ठ २ मा

रफ्तारमा बालेन

## लगाम लगाउँदै अदालत

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ असोज ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले उपत्यकामा रहेका अवैधानिक संरचनामा निरन्तर डोजर लगाउन थालेपछि उच्च अदालत पाटनले अन्तरिम आदेश नै जारी गरेको छ । हात्तीसार क्षेत्रमा टुकुचा खोलामाथि बनेका संरचना भत्काउने महानगरको योजनामा असोज २६ गतेसम्मका लागि उच्च अदातलते रोक लगाएपछि महानगरको काम स्थगित भएको हो । तर, महानगरका मेयर शाह गुण्डागर्दीको शैलीमा मानिसको घर भत्काउन थालेको भन्दै आलोचना पनि चुलिएको छ ।

सोमबार मात्रै पनि महानगर पालिकाले करिब ८० वर्ष नाघेकी शारदा मानन्धरको निवासमा डोजर लगेर कम्पाउन्डको गेट लगाएर टहरा भत्काएको थियो । 'नेताले हाम्रो कुरा सुन्दैनन्, मिडियाले हाम्रो कुरा लेख्दैन। अदालतले पनि यस्तो बेला के न्याय देला?' उनले पीडा मिश्रित स्वरमा भनिन् । सानो टहरा बनाएर त्यसैलाई आयश्रोत बनाउँदै आएकी वृद्ध मानन्धर के गर्ने, कहाँ जाने भन्ने चिन्ताले छट्पटि्टरहेकी थिईन् ।



महानगरका विभिन्न स्थानमा शताब्दीऔं देखि बस्दै आएका व्यक्तिको घर, कम्पाउन्ड खोतल्न जाने, नागरिकलाई धम्क्याउने, थिचोमिचो गर्ने प्रवृत्तिका कारण नागरिकमा भने निराशा छाएको छ ।

'यहाँको जग्गा उनीहरूले अतिक्रमण गरेका होइनन् । यो कतिपयको पुर्ख्यौली सम्पत्ति हो । कतिले केही समयअघि मात्र कानुनसम्मत ढंगले यहाँ जग्गा किनेका छन्, घर बनाएका छन् । जसले घर र भौतिक संरचना बनाएका छन्, उनीहरूले काठमाडौं महानगरबाट नक्सा पास गराएर र अन्य निकायबाट स्वीकृति लिएरै बनाएका छन्, स्थानीय दीपक महर्जनले बताए । उनले महानगरले गुण्डागर्दीको शैलीमा डोजर ल्याएर स्थानीयलाई त्रास मच्याएको गुनासो पनि गरेका छन् । महानगरका विभिन्न स्थानमा शताब्दीऔं देखि बस्दै आएका व्यक्तिको घर, कम्पाउन्ड खोतल्न जाने, नागरिकलाई धम्क्याउने, थिचोमिचो – बाँकी पृष्ठ २ मा

काठमाडौंको कपनमा आगलागी

## ३ को मृत्यु



**सागर तिमिल्सना/मध्यान्ह**
काठमाडौं, ५ असोज ।

काठमाडौंको कपनमा आगलागी हुँदा ३ जनाको मृत्यु भएको छ ।

एक ट्रेकिङ अफिसमा बुधबार साँझ भीषण आगलागी भएको हो । काठमाडौंका प्रहरी प्रमुख भरतबहादुर बोहोराका अनुसार कार्यालयमा रहेको अक्सिजन सिलिण्डरहरु पड्किएर क्षति भएको छ ।

प्रहरीका अनुसार मृतकहरुको पहिचान खुलेको छैन । राममन्दिर नजिकै भएको आगलागीको नियन्त्रणमा तुरुन्तै लागेका ठूलो क्षति हुनबाट जोगाउन सकिएको प्रहरीको भनाई छ । तथापि, क्षतिको पूर्ण विवरण भने बुधबार साँझसम्म आएको छैन ।

# राप्रपा कपिलवस्तुद्वारा आयोगलाई ज्ञापनपत्र

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ५ असोज

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कपिलवस्तुले निर्वाचन आयोगलाई ज्ञापन-पत्र बुझाएको छ। जनप्रतिनिधिले तिर्ने जरिवाना अस्वभाविक भएको भन्दै राप्रपाले ज्ञापन-पत्र बुझाएको हो।

२०७९ सालमा सम्पन्न स्थानीय चुनावमा जनप्रतिनिधिहरुलाई ३० दिनभित्रै निर्वाचन आयोगमा बुझाउनुपर्ने चुनाव खर्च विवरण कारणबस समयमा बुझाउन नसकेका उम्मेदवारहरुको नाम निर्वाचन आयोगले सार्वजनिक गर्दै अस्वाभाविक, अव्यवहारिक जरिवाना निर्धारित गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जिल्ला अध्यक्ष नारायण बहादुर सिंहले बताए।



बुधबार पार्टीले निर्वाचन कार्यालय कपिलवस्तुमार्फत निर्वाचन आयोग नेपाल केन्द्रीय कार्यालय कान्तिपथ काठमाडौंमा आयुक्तलाई ज्ञापन-पत्र बुझाइएको अध्यक्ष सिंहले मध्यान्हलाई बताए।

'निर्वाचन आयोगले २०७९ को स्थानीय तहमा विभिन्न पदका उम्मेदवार हरुले समयमा खर्च विवरण बुझाउन नसकेको समय गुजरेको अवस्थामा निर्धारण गरिएको जरिवाना अस्वाभाविक, अव्यवहारिक र सामाजिक न्यायको सिद्धान्त विपरित छ' ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

राप्रपाले खर्च विवरणको बहानामा निर्वाचनमा उम्मेदवार बन्नबाट बञ्चित गरिनु अव्यावहारिक भएको बताउँदै निर्वाचन आयोगले आफ्नो निर्णय अबिलम्ब व्यवहारिक बनाउन आवश्यक संशोधन गर्न वा फिर्ता लिन निर्वाचन आयोग समक्ष माग पेश गरिएको जनाएको छ। आयोगले यसमाथि ध्यान आकर्षण भएन भने राष्ट्रिय प्रजातन्त्र पार्टीले कानूनी उपचार खोज्न बाध्य हुने चेतावनी समेत दिएको छ।

राप्रपा कपिलवस्तुका जिल्ला अध्यक्ष नारायण बहादुर सिंह, लुम्बिनी प्रदेश सदस्य दिपक रजौरिया, वरिष्ठ उपाध्यक्ष इद्रीस मोहम्मद मुसलमान, जिल्ला प्रवक्ता भुमिराम गिरी, लुम्बिनी प्रदेश सदस्य देवेन्द्र करण श्रीवास्तव, उपाध्यक्ष चन्द्र भण्डारी, रामु शर्मा, घनश्याम बरइ, सानु धोबी, विजय लक्ष्मी सिंह लगायत नेता तथा कार्यकर्ताहरुको एक टोली जिल्ला निर्वाचन आयोगको कार्यालयमा ज्ञापनपत्र बुझाउन पुगेको थियो।

# बागमती प्रदेशमा डेंगुबाट ११ जनाको मृत्यु

**हेटौंडा/मस**–बागमती प्रदेशमा डेँङ्गु संक्रमणबाट ११ जनाको मृत्यु भएको छ। स्वास्थ्य निर्देशनालय बागमती प्रदेशको तथ्याङ्क अनुसार उक्त सङ्क्रमणका कारण मकवानपुरसहित अन्य छ जिल्लामा गरी ११ जनाको मृत्यु भएको हो।

स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका प्रमुख महेश्वर श्रेष्ठले डेँङ्गुबाट काठमाडौँमा चार, ललितपुरमा दुई, सिन्धुपाल्चोकमा दुई, मकवानपुरका एक, सिन्धुलीमा एक जना र धादिङमा एक जनाको मृत्यु भएको जानकारी दिए।

यसैगरी प्रदेशमा हालसम्म १३ हजार तीन सय ७५ जना डेँगुका बिरामी फेला परेको छ। ती



सबैभन्दा धेरै ललितपुर जिल्लामा चार हजार आठ सय ७८ मा डेँङ्गुका बिरामी फेला परेका छन्।

यसैगरी, काठमाडौँमा चार हजार छ सय ७४, मकवानपुरमा एक हजार आउ सय १०, भक्तपुरमा सात सय १३, चितवनमा चार सय २९ र धादिङमा तीन सय ९९ जना डेँङ्गुको बिरामी फेला परेको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

## राष्ट्रपतिले....

भनाई छ। मंगलबार विधेयक प्रमाणीकरणका लागि पुगेको १५ दिन पूरा भएको छ तर राष्ट्रपतिले त्यसलाई प्रमाणीकरण गरिनन्। अब सरकारले के गर्ला भन्ने आम चासो छ।

कानुनविदहरुका अनुसार सरकारका सामु केही विकल्प छन्।

पहिलो - अदालत जाने। राष्ट्रपतिको कदमविरुद्ध अदालत गएपछि अदालत केही न केही बोल्न बाध्य हुनेछ। अदालतले गरेको ब्याख्या मानेर जाने सुझाव कानुनविदहरुको छ।

दोस्रो- सरकारले आफैं प्रमाणीकरण गर्ने। सरकारले नागरिकता विधेयकलाई राजपत्रमा प्रकाशित गरेर कार्यान्वयनमा लगे रोक्ने कोही नहुने राय र सुझाव सरकारलाई कानुनविदहरुको छ।

तेस्रो- राष्ट्रपतिको कदमको विरोध गर्दै चुनावमा जाने। चुनावपछि आउने परिणामका आधारमा महाअभियोग लगाउने वा नलगाउने भनी निर्णयमा पुग्ने।

बुधबार प्रधानमन्त्री निवास वालुवाटारमा भएको छलफलमा कानुन व्यावसायीहरुले मुख्यत यही तीन वटा विकल्प सुझाएका छन्।

## एकातिर...

चार दलले राष्ट्रपतिको कदमविरुद्ध सचेत रहन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संवैधानिक व्यवस्थाको पक्षधर राजनीतिक दल, नागरिक समाज, बौद्धिक समुदायलाई आह्वान गरेको छ।

तर, एमालेले राष्ट्रपतिको पक्षमा प्रदर्शन गरेको छ। एमाले निकट विद्यार्थीको संगठन अनेर स्ववियुले र युवाहरुको संगठन युवा संघ नेपालले राष्ट्रपति भण्डारीको समर्थनमा काठमाडौंमा प्रदर्शन नै गरेको हो। युवासंघले बानेश्वर-माइतीघर सडकखण्डमा गरेको प्रदर्शनमा महेश बस्नेत लगायत एमालेका नेताहरु समेत सहभागी थिए।

एमाले नेता तथा युवा संघका पूर्वअध्यक्ष महेश बस्नेतले समेत प्रदर्शनमा गएर सरकारको विरोधमा र राष्ट्रपतिको समर्थनमा चर्को भाषण गरेका छन्।

## रफ्तारमा...

गर्ने प्रवृत्तिका कारण नागरिकमा भने निराशा छाएको छ। यद्यपि, महानगरका मेयरको पक्षमा अझै पनि ठूलो जनमत देखिएकाले धेरै व्यक्तिले भने उनको कामलाई आँखा चिम्लिएरै समर्थन गर्दै आएका छन्। 'यो कुरा सत्य हो सावर्जनिक जग्गा मिचेर घर टहरा बनाउनु गलत हो दण्ड सजाय हुनैपर्छ, तर पुस्तौ देखि बस्दै आएका मानिसका घरटहरा गुण्डागर्दीको शैलीमा भत्काउनु मात्रै समाधान होईन, केही सल्लाह र समीक्षा जरुरी छ, राजनीतिक विश्लेषक डा. विष्णु दाहालले भने। उनले यो विषयमा पीडित, नागरिक समाज, विज्ञ सबै बसेर गम्भीर छलफल हुनु जरुरी रहेको पनि बताएका छन्। अदालतले पनि तत्कालै सबै संरचना नभत्काउन अन्तरिम आदेश जारी गरेको छ। तरपनि, महानगर मानिसका घर, टहरा भत्काउनु मात्रै समाधान हो जसरी डोजर लिएर हिँडिरहेको छ।

## आजदेखि...

अस्थायी मतदाता नामावलीमा नाम समावेश हुन आयोगबाट स्वीकृत अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ। अस्थायी मतदात नामावलीमा नाम समावेश गर्न (प्रदेश/जिल्ला निर्वाचन अधिकारी) को सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख दर्ता अधिकारीको कार्यालयमा पठाउनु पर्नेछ।

अस्थायी मतदाताको विवरण रुजु गरी कात्तिक १ गते सम्बन्धित निर्वाचन कार्यालयमा नामावली प्रकाशन गर्ने, कात्तिक २ देखि ३ गते अस्थायी मतदाता नामावलीमा नाम छुट भएका वा प्रकाशित विवरणमा त्रुटि भएका व्यक्तिले त्रुटि सच्याउन निवेदन दिने तालिका छ।

कात्तिक ४ गते प्राप्त निवेदन उपर जाँचबुझ गरी संशोधित मतदाता नामावली प्रकाशन गर्ने, कात्तिक ५ देखि ६ गतेसम्म संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिको सम्बन्धमा दाबी विरोधका लागि निवेदन पेश गर्ने, दाबी विरोधको निवेदन उपर कात्तिक ७ देखि ११ गतेसम्म जाँचबुझ गरी निर्णय गर्ने, कात्तिक १२ देखि १३ गतेसम्म अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने र कात्तिक १४ गते अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको आयोगले जनाएको छ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार संकलित अस्थायी मतदाता नामावली तथा निर्धारित मापदण्डका आधारमा अस्थायी मतदान केन्द्रको सिफारिस जिल्ला तहमा रहेको अस्थायी मतदाता नामावली संकलन तथा व्यवस्थापन समितिले गर्नेछ।

## करिब...

भएका नयाँ तथा पुराना विदेशी कामदार र कतार सरकारको आधिकारिक स्वीकृतिमा प्रवेश पाउने यात्रु तथा पाहुनामा कुनै असर नपर्ने जनाइएको छ। विश्वकप प्रतियोगिता चलिरहेको बेला पनि उल्लेखित यात्रुहरू कतार जान सक्ने मन्त्रालयले जनाएको छ। 'हय्या कार्ड' भएका विदेशी आगामी वर्ष सन् २०२३ को जनवरी २३ सम्म कतार बस्न पाउने बताइएको छ।

**के हो हय्या कार्ड ?**

कतारमा नोभेम्बर २० देखि शुरु हुने विश्वकपको खेल हेर्न स्थानीय तथा विदेशी दर्शकलाई 'हय्या कार्ड' अनिवार्य चाहिन्छ। कार्डले कतार प्रवेशका लागि नोभेम्बर १ देखि डिसेम्बर २३ सम्म मल्टिपल ईन्ट्री भिसाको कामसमेत गर्ने छ। त्यस्तै कार्डले निःशुल्क सार्वजनिक सवारी प्रयोग गर्न पनि सुविधा दिनेछ।

फिफाको वेबसाइटबाट टिकट खरिद गरेपछि अनिवार्यरूपमा 'हय्या कार्ड'को लागि तोकिएका कागजातसहित फाराम भर्नुपर्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। उक्त फाराम भरिसकेपछि आवेदकले भरेको ठेगानामा कार्ड पठाउने प्रवन्ध मिलाइएको बताइएको छ।

उक्त कार्डको प्रिन्ट कपि अनिवार्य नगरिएको भन्दै मन्त्रालयले दर्शकले आफ्नो मोबाइलमा हय्या एप डाउनलोड गरेर पनि कार्ड प्रयोग गर्न सक्ने बताएको छ। कार्ड होल्डरहरुलाई कतारका अलावा दुबई र साउदीको समेत भ्रमण गर्न सक्ने सुविधा दिइएको छ।

# कांग्रेसले 'निरन्तरतामा नवीनता'का आधारमा घोषणापत्र तयार गर्ने

**काठमाडौं/मस**-नेपाली कांग्रेसले छोटो समयमा व्यापक छलफलका साथ 'निरन्तरतामा नवीनता'को दृष्टि केन्द्रमा राखेर पार्टीको घोषणापत्र निर्माण गर्ने भएको छ।

कांग्रेसको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन-२०७९, घोषणापत्र तयारी समितिको बुधबार बसेको प्रथम बैठकले सो निर्णय गरेको समितिका सदस्यसचिव डा.प्रदीप पराजुलीले जानकारी दिए।

समितिका संयोजक एवं पार्टी महामन्त्री विश्वप्रकाश शर्माको सभापतित्वमा बसेको बैठकले स्थापनाकालदेखिका दस्तावेज एवं विभिन्न कालखण्डका घोषणापत्रहरु




अध्ययन गरेर त्यसको भावनात्मक सार ग्रहण गर्न सहमहामन्त्री जीवन परियारको संयोजकत्वमा मदन कट्टेल र शंकर तिवारी सदस्य रहेको अध्ययन र विश्लेषण उपसमिति गठन गरेको छ।

यसैगरी बैठकले समिति सदस्य डा.स्वर्णिम वाग्लेको संयोजकत्वमा सदस्यहरु गेजा शर्मा वाग्ले, प्रताप पौडेल, कृष्णप्रसाद पौडेल, दीपेश घिमिरे र डा. प्रिति मण्डल सदस्य रहेको प्रारम्भिक मस्यौदा उपसमिति गठन गर्ने निर्णय गरेको छ। बैठकले घोषणापत्र तयारीका लागि आवश्यक विभिन्न उपसमितिहरु गठन गरी जिम्मेवारी बाँडफाँट गरेको सदस्यसचिव डा.पराजुलीले बताए।

नेपाल नेत्रज्योति संघ
**गौर आँखा अस्पताल**
**आवश्यकता**
**सूचना प्रकाशन मिति : २०७९।०६।०६**

नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पताल तथा यस अन्तर्गत आँखा उपचार केन्द्रका लागि करारमा तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता भएकाले नेपाली नागरिकता भएका ईच्छूक व्यक्तिहरुका लागि दर्खास्त आव्हान गरिन्छ।

| क्र.स. | पद | तह | आवश्यक संख्या | शैक्षिक योग्यता | सेवाको किसिम |
|---|---|---|---|---|---|
| १ | नेत्र सहायक | ८ (वरिष्ठ सहायक) | ३ | PCL Ophthalmic Science उत्तिर्ण भएको | करार |
| २ | फार्मासिष्ट सहायक | ८ (वरिष्ठ सहायक) | १ | PCL Pharmacy उत्तिर्ण भएको | करार |
| ३ | अप्टीकल फिटर | ४ (सहायक) | २ | CTEVT बाट Optician Training प्राप्त गरेको | करार |
| ४ | काउन्सीलर | ४ (सहायक) | १ | CMA Training प्राप्त गरेको | करार |

**आवश्यक कागजातहरु:**
१. व्यक्तिगत बिवरण (Bio- Data)
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
३. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी
४. पास पोर्ट साइज फोटो २ थान
५. NHPC मा दर्ता भै नविकरण भएको लाइशेन्सको प्रतिलिपी
६. परीक्षाको किसिम :- परीक्षा लिखित तथा अन्तर्वार्ता दुबै हुनेछ।
७. उमेर :- १८ बर्ष देखि ३५ बर्ष तथा महिलाको हकमा ४० बर्ष उमेर सम्म
८. तलब तथा सूबिधाहरु :- नेपाल नेत्रज्योति संघको नियमानूसार करार बमोजिम हुनेछ।

कुनै पनि आँखा अस्पतालमा काम गरेकोलाई ग्राह्यता दिने तथा महिला उमेदवारलाई वढि प्राथमिकता दिईनेछ।
योग्यता पुगेका इच्छुक आवेदनकर्ता सूचना प्रकाशित मितिले १५ दिन भित्र दरखास्त बुझाउनु पर्ने भएको तर दशैंको बिदा पर्न गएकोले। दरखास्त बुझाउने अन्तिम मिति २०७९।०६।२७ सम्म, फारम दस्तुर (रु. ५०० वरिष्ठ सहायक तह तथा रु.३०० सहायक तह) फारम प्रशासन शाखा बाट उपलब्ध छ। तोकिएको मिति भित्र गौर आँखा अस्पतालको प्रशासन शाखामा कार्यालय समय भित्र निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकताको प्रतिलिपि तथा माथि उल्लेखि कागजात सहितको दर्खास्त आव्हान गरिन्छ।

**पदपुर्ति समिति**
**गौर आँखा अस्पताल,**
गौर-०८, पुरेनवा, रौतहट, नेपाल। फोन नं. ०५५-५२००३९, इमेल: **info.geh@gmail.com**

**गोकर्णेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जोरपाटी, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**
**आशयको सूचना**
**(प्रकाशित मिति: २०७९/०६/०६)**

सिलबन्दी दरभाउपत्र मार्फत Fully Automatic Bio Chemistry Analyzer खरिद गर्न यस नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०४/२३ मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरुमध्ये तल उल्लेख भएको फर्मको सिलवन्दी दरभाउपत्र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| छनौट भएको बोलपत्रदाता | कामको विवरण | कबोल रकम ( मु.अ.कर सहित) |
|---|---|---|
| श्री Medifeed International, पेप्सीकोला, काठमाडौं | Fully Automatic Bio Chemistry Analyzer खरिद गर्ने सम्बन्धमा। | रु.१८,९९,९९९।९८ (अक्षेरुपी अठार लाख उनान्सय हजार नौ सय उनान्सय रुपैयाँ अन्ठानब्बे पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

**कतारमा रोजगारको अवसर** | १. कम्पनी : SIGMA CONTRACTING & TRADING
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/०७ चलानी नं.: ६०१७३१०४ L.T. No.: 256645 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३२,६६० | | | | | | | |

२. कम्पनी : SIGMA CONTRACTING & TRADING शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०४/०८ चलानी नं.: ६०१६०४७३ L.T. No.: 242903 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 4 | 0 | | 1100 | ३५,९०४ | | | | | | | |

३. कम्पनी : RAYYAN GATE PROJECTS WLL शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०३/१९ चलानी नं.: ६०१८२३९१ L.T. No.: 266399 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cabling Tech. | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३७,९०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1400 | ४८,२४४ | | | | | | | |
| 3. | Driver | 5 | 0 | | 1400 | ४८,२४४ | | | | | | | |
| 4. | Electricain | 15 | 0 | | 1100 | ३७,९०६ | | | | | | | |
| 5. | Foreman | 10 | 0 | | 2500 | ८६,१५० | | | | | | | |
| 6. | Labourer | 10 | 0 | | 1000 | ३४,४६० | | | | | | | |
| 7. | Plumber | 10 | 0 | | 1100 | ३७,९०६ | | | | | | | |
| 8. | Technicain | 10 | 0 | | 1100 | ३७,९०६ | | | | | | | |

४. कम्पनी : KBR TRADING CONTRACTING शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६३० L.T. No.: 263501 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३७,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1100 | ३७,३०१ | | | | | | | |
| 3. | Driver | 2 | 0 | | 1400 | ४७,४७४ | | | | | | | |
| 4. | Electric | 3 | 0 | | 1100 | ३७,३०१ | | | | | | | |
| 5. | Labourer | 2 | 0 | | 1000 | ३३,९१० | | | | | | | |
| 6. | Mason | 5 | 0 | | 1100 | ३७,३०१ | | | | | | | |
| 7. | Plumber | 3 | 0 | | 1100 | ३७,३०१ | | | | | | | |

५. कम्पनी : SIGMA CONTRACTING & AMP; TRADING शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/१३ चलानी नं.: ६०१६९१८२ L.T. No.: 251925 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असोज १३ गते (29 Sept. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सङ्ग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Govt Lic No. 469/060/061, kalopool 7, Kathmandu, Nepal., Tel: 4581670,4583566

**कतारमा रोजगार** | कम्पनी : HOUSE OF TEA RESTAUEANT
शहर: QATAR

पूर्व स्वीकृत मिति: [illegible] चलानी नं.: [illegible] LT. No.: 272244

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Juice Maker | 1 | 0 | | 1400 | ४८,७६० | | | | | | | |
| 3. | Coffe Cook | 1 | 0 | | 1500 | ५२,२४५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज १३ गते (29 Sep. 2022) मा हुनेछ।**

[illegible]

**Shahi Global Careers Pvt. Ltd.**
Gov. Lic No. 1298/074/075
Satdobato, Lalitpur, Nepal, Tel, 01-5151025
Email: info@shahicareers.com,shahigcarrers@gmail.com, Web.: www.shahicareers.com

## सर्लाही डायरी

एस.पी.गौरव/मध्यान्ह

# सर्लाही ट्राफिकद्वारा भदौमा साढे १८ लाख राजस्व संकलन

जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीले आर्थिक वर्ष २०७९/०८० को भदौ महिनामा झण्डै साढे १८ लाख राजस्व संकलन गरेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीले आर्थिक वर्ष २०७९/०८० को भदौमा १८ लाख ४९ हजार राजस्व संकलन गरेको हो।

भदौमा ट्राफिक नियम उल्लंघन गरी सञ्चालन भएका ट्रक ७ सय १७, बस १ सय १८, कार, जिप र भ्यान ७ सय ५, ट्याक्टर १ सय ११, मोटरसाईकल ६ सय ३ र अन्य(टेम्पो) ९६ वटा गरी कुल २ हजार ३ सय ५० वटा सवारी साधनहरुलाई कारवाही गर्दा जरिवाना वापत १८ लाख ४९ हजार राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख तथा प्रहरी निरीक्षक इश्वर कार्कीले जानकारी दिए।




उनका अनुसार पूर्व-पश्चिम लोकमार्गका साथै जिल्लाका अन्य सहायक सडक मार्गहरुमा ट्राफिक नियम विपरित सञ्चालन भएका सवारी साधनहरुलाई कारवाही गरी जरिवानावापत उक्त राजस्व संकलन भएको हो।

त्यस्तै, भदौ महिनामा सर्लाही जिल्लामा ९१ वटा सवारी दुर्घटना भएका थिए। जसमा ट्रक २, बस १, जिप तथा कार ४, मोटरसाईकल ६२ र अन्य २ समेत गरी ७५ वटा सवारी साधनहरु दुर्घटनामा परेको जिल्ला ट्राफिक प्रहरीले जनाएको छ। भदौ महिनामा भएको सवारी दुघर्टनामा परी ३ जनाको ज्यान गएको छ भने ६८ जना गम्भिर घाइते र २३ जना सामान्य घाईते भएका थिए।

बढ्दो सवारी साधनको चाप, साँघुरो सडक, चालकको लापरबाही तथा सडकमा छाडिने पशुचौपाया र पैदल यात्रुहरुमा ट्राफिक सचेतना सम्बन्धी ज्ञानको कमीका कारण पनि सवारी दुर्घटना भएको पाइएको ट्राफिक प्रहरीले जनाएको छ।

साउन महिनाको दुघर्टनाको तथ्यांकलाई मुल्यांकन गर्दै भदौ महिनामा जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीले सडक मै ट्राफिक शिक्षा अभियान समेत शुरु गरेको थियो। जसका कारण पनि सवारी कारवाही संख्या घट्न पुगेको प्रहरीले जनाएको छ।

# सर्लाही १ (ख)बाट प्रदेश सभामा यूवा नेता देवकोटाको दाबी

नेपाली कांग्रेसले सर्लाही क्षेत्र नं. १ (ख)बाट प्रदेशसभा सदस्य प्रत्यक्ष तर्फ यूवा नेता योगराज देवकोटा (युवराज)लाई सिफारस गरेको छ। सर्लाही क्षेत्र नम्बर १ (ख) बाट कांग्रेसले युवा नेता देवकोटालाई प्रत्यक्ष तर्फको उम्मेदवार सिफारिस गरेको हो।

युवा नेता देवकोटाले प्रदेश सांसदको लागि आफु योग्य उम्मेदवार भएको दाबी गर्दै आफुले सांसद भएर नागरिकलाई विकासको अनुभूति गराउने बताए। 'युवाहरुको प्रतिनिधि हुँ, पार्टीमा मेरो ठुलो योग्दान छ, पार्टीले मलाई नै विश्वास गरेर टिकट दिने विश्वास लिएको छु' उनले भने।

उनले अब देश बनाउने तथा हाक्ने समय युवाहरुको भएको बताउदै आफनो क्षेत्रलाई समृद्धि, विकास तथा शुसासन दिने उद्देश्यले उम्मेदवारी दिएको देवकोटाले बताए। 'अहिलेको परिवेशमा जनताहरु पीडामा बाँचिरहेका छन्, आफु सांसद बनेपछि जनताका



विभिन्न पीडाहरुमा मलम लगाई विकासको स्वाद चखाउनेछु' उनले दावी गरे।

युवा नेता देवकोटाले वि.स. २०६० सालदेखि राजनैतिक यात्रा शुरु गरेका थिए। देवकोटा २०६० सालमा जनज्योती बहुमुखी क्याम्पस लालबन्दीमा इकाइ सदस्य, २०६२/०६३ को जनआन्दोलनमा सक्रिय सहभागीता, २०६३ मा जनज्योती बहुमुखी क्याम्पस लालबन्दीमा इकाइ सभापतिमा निर्वाचित भई राजनीतिमा सक्रिय रहेका थिए।

साथै २०६३ पश्चात २०६५ मा जनज्योती बहुमुखी क्याम्पस लालबन्दीमा स्ववियु सभापति, २०७२ सालमा नेपाल विद्यार्थी संघ सर्लाही जिल्ला सभापति र २०७८ मा सर्लाही क्षेत्र नम्बर १ बाट केन्द्रीय महाधिवेशन प्रतिनिधिमा सबै भन्दा धेरै मत ल्याएर निर्वाचित बनेका थिए।

दुई दशकको राजनीतिक यात्रामा धेरै दुःख, कष्ट गरी पार्टीलाई बलियो बनाउने काम गरेको हुँदा पनि टिकट आफुले नै पाउने देवकोटाको विश्वास रहेको छ। युवा नेता देवकोटा सर्लाहीमा राजनीति बाहेक सामाजिक क्षेत्रको काममा समेत सक्रिय रहदै आएका छन्। मिजासिलो र भद्र स्वाभवका युवा नेता कांग्रेसका मात्र नभई सबै युवाहरुका आशाका किरण हुन्।


## UAE मा Security Guard हरुलाई रोजगारको अवसर

१. कम्पनी.- REACHPOSS GENERAL SECURITY GUARD SERVICES Co., UAE

पूर्व स्वीकृती मिति २०७९।०३।२१ चलानी न. ६०१८२६३९ LT.No. 266293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 07 | - | कामामा दक्ष | 1500 | ५२,२६५।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

अन्तर्वार्ता मिति २०७९ असोज १३ गते (29 Sept., 2022) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ।

Kosh Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu. Ph no. 01-5199734, 5199714

## बहराइनमा रोजगार | Company : CPIC ABAHSAIN FIBERGLASS W.L.L. City : BAHRAIN

पूर्व स्वीकृत मिति: २०७७/१२/१२ चलानी नं.: ६०१५६०८७ LT. No.: 237703 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 100 | 0 | स. काममा दक्ष | 100 | ३३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ असोज १३ गते (29 Sept. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

## कतार र UAE मा रोजगार | १. कम्पनी : AL HAJAN RACING COMPLEX शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७९/०३/०३ चलानी नं.: ६०१८१२१३ LT. No.: 265307 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 4 | 0 | | 1100 | ३८,३१३ | | | | | | | |
| 3. | Receptionist | 1 | 0 | | 2500 | ८७,०७५ | | | | | | | |
| 4. | Salesman | 3 | 0 | | 1500 | ५२,२४५ | | | | | | | |

२. कम्पनी : AL HAJAN RACING COMPLEX शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/०२ चलानी नं.: ६०१५५५३२ LT. No.: 237359 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 8 | 0 | | 1000 | ३४,८३० | | | | | | | |
| 3. | Salesman | 3 | 0 | | 1500 | ५२,२४५ | | | | | | | |
| 4. | Butcher | 1 | 0 | | 1500 | ५२,२४५ | | | | | | | |
| 5. | Cashier | 1 | 0 | | 1500 | ५२,२४५ | | | | | | | |
| 6. | Data Entry | 1 | 0 | | 1500 | ५२,२४५ | | | | | | | |
| 7. | Accountant | 1 | 0 | | 3600 | १२५,३८८ | | | | | | | |
| 8. | Forman | 1 | 0 | | 2500 | ८७,०७५ | | | | | | | |

३. कम्पनी: CRYSTAL HOUSE BUILDING CLEANING शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/१२/१० चलानी नं.: ६०१७६४५६ LT. No.: 260189 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 6 | 7 | स. काममा दक्ष | 800 | २७,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : NEW FAMILY HYPERMARKET शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०९/३० चलानी नं.: ६०१७२७७४ LT. No.: 256285 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 11 | 0 | | 1000 | ३४,८३० | | | | | | | |
| 3. | Salesman | 3 | 0 | | 1500 | ५२,२४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १३ गते (29 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Perfect Recruiting Service Pvt. Ltd.
श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 4987640,4950764 Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com
Mobile: 9802071039, 9803632493, 9841390685, 9828010982, 9857821827


Government of Province
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Road Infrastructure Development Office
Rupandehi

## Notice for Opening of Price Bids

**Date of publication: 2079-06-06 (22 September, 2022)**

1) Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidders, participated in the bidding of contracts invited through IFB No : 01/079/080 published in National Daily on 2079/04/26, The technical bids of following listed bidders for respective contracts are qualified.

2) All the qualified bidders are notified to participate in opening of Price Bids scheduled on **2079/06/13 (29 Sep , 2022) 13:00 hours** at the office of **Road Infrastructure Development Office, Rupandehi.**

| S. N | Contract Identification No | Description and Location of Works | Qualified Bidders |
|---|---|---|---|
| 1 | RIDO/RUP/LRBP/BR/NCB / 079-80/53 | Chorniya Khola Multicell Box Bridge, along Badrighat Narsahi (Pratappur -8 & Susta -5) Road, Pratappur -8 Road, Nawalparasi | Paramount Construction P. Ltd., Lalitpur Nepal |
| | | | Daya Nirman Sewa, siddhanhanagar-07 |

# Melamchi Municipality
## Office of the Municipal Executive
Melamchi, Sindhupalchok

## Invitation for Bids

**Date of First Publication: 2079/06/06**

Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedures.

| S.N | Name of the Project/ Contract Identification No. | Bid Security Amount NRs | Price of Bid Document NRs | Estimate Amount (Exclusive of VAT and Contingencies) | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Construction OF Fataksila Health Post Building (MMSI/WORKS/NCB/2079-80/03) | NRs.630000 | NRs.5000.00 | | 2079/07/06, 12:00 Hrs. | 2079/07/06, 13:00 Hrs |
| 2 | Construction of 9 No Ward Office Building(MMSI/WORKS/NCB/2079-80/05) | NRs. 800000 | NRs.5000.00 | | 2079/07/06, 12:00 Hrs. | 2079/07/06, 13:00 Hrs |
| 3 | Construction of 7 No Ward Office Building(MMSI/WORKS/NCB/2079-80/08) | NRs. 740000 | NRs.5000.00 | | 2079/07/06, 12:00 Hrs. | 2079/07/06, 13:00 Hrs |
| 4 | Construction Of Fataksila-Thati Area Drinking Water Supply Project. ( MMSI/WORKS/NCB/2079-80/09) | NRs. 65000 | NRs.3000.00 | NRs. 2593268.81 | 2079/07/06, 12:00 Hrs. | 2079/07/06, 13:00 Hrs |

1) Eligible Bidders may obtain further information from the Office of the Municipal Executive, Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089, Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.

2) Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders should deposit the cost *mentioned above* of bidding document in the Project's Rajaswa (revenue) account and bid security fee Dharauti(Deposit) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
६ असोज २०७९, बिहीबार
22 September 2022, Thursday

सम्पादकीय

## सम्हालिनु नै उचित विकल्प

नागरिकता ऐन-२०६३ संशोधन गर्न बनेको विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणिकरण नगरेपछि सिंगो समाज विभाजित हुन पुगेको छ । संघीय संसदले नागरिक विधेयक-२०७९ प्रमाणिकरण गर्न राष्ट्रपति कार्यालय पठाएको थियो । पहिलोपटक पठाएको विधेयक संशोधन गर्न सन्देशसहित राष्ट्रपतिले फिर्ता गरेकी थिइन् । तर सरकारले राष्ट्रपतिको सुझाव सुनेन, जस्ताको त्यस्तै दोस्रोपटक पनि पारित गर्ने निर्णय गर्‍यो । सरकारको निर्णय जस्तै संघीय संसदको प्रतिनिधिसभा र राष्ट्रियसभाले पनि निर्णय गरेपछि विधेयक राष्ट्रपतिको कार्यालय पुगेको थियो । यसरी दोस्रोपटक पुगेको विधेयक प्रमाणिकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ । तर राष्ट्रपति संविधानको भावना बिपरीत अडान लिइन् । संसदबाट आएको विधेयक १५ दिनभित्र अनुमोदन हुनुपर्ने संवैधानिक सीमा मंगलबार मध्यराति सकियो ।

राष्ट्रपतिले विधेयक प्रमाणिकरण नगरेपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले खुशी देखिएको छ । एमाले विधेयकको विपक्षमा उभिएको थियो । बुधबार एमालेका कार्यकर्ताले राष्ट्रपतिको कदमको स्वागत गर्दै प्रदर्शन गर्दा सत्तारूढ नेता तथा कार्यकर्ता भने आक्रोशित देखिएका छन् । राजधानी उपत्यका सहित मधेश प्रदेशका जिल्लाहरूमा राष्ट्रपतिको कदमको चर्को विरोध जनाएका छन् । सत्तारूढ शीर्ष नेताहरूले संयुक्त बक्तव्य जारी गरेर राष्ट्रपतिले संविधानको अवज्ञा गरेको आरोप लगाएका छन् । उपराष्ट्रपति नन्दबहादुर पुनले पनि बक्तव्यमार्फत राष्ट्रपतिको कदमप्रति असन्तुष्टि जनाएका छन् । विज्ञ, सरोकारवाला, नेताकार्यकर्ता सहित सिंगो समाज यो घटनाले विभाजित हुन पुगेको छ । कतिपयले राष्ट्रपतिको प्रशंसा गरेका छन् भने कतिपयले चर्को आलोचना गरेका छन् ।

तर सत्तारूढ र सरकारले भने अब के गर्छन् भन्ने प्रष्ट हुन सकेको छैन । आपत्ति जनाएर चुप बस्ने अथवा अर्को कदम चाल्ने भन्ने कुनै संकेत दिएका छैनन् । तर नागरिकता जस्तो संवेदनशील विषय आगामी चुनावको एजेण्डा बन्ने भने लगभग पक्का देखिएको छ । राष्ट्रपतिलाई समर्थन जनाउँदै एमाले उभिने र सत्तारूढ चाहिँ विपक्षमा खडा हुनेछन् । जबकी राष्ट्रपतिको सल्लाहकार सरकार हुनुपर्ने हो । संविधान कार्यान्वयनबारे एकआपसमा परामर्श गरिनुपर्ने हो । राजनीतिक शक्ति संघर्षका कारण सरकार र राष्ट्रपतिबीच परामर्श हुनुको साटो अहिले मतभेद चर्किएको छ । यो मतभेद चर्कदै जाँदा सत्तारूढ र सरकारले राष्ट्रपतिविरूद्ध जाने खतरा पनि छ । पक्कै पनि संवैधानिक व्यवस्था उल्लङ्घनबारे उचित निर्णय आवश्यक हुन्छ । तर यस्तो अवस्थामा सरकार संवेदनशील हुन जरूरी छ । फेरि आवश्यक निर्णय आगामी चुनावमा जनताले गर्ने नै छन् ।

# राजनीतिमा नारा

*राजनीतिका विभिन्न कालखण्डमा उठ्ने गरेका विभिन्न नाराहरू र तिनको औचित्य के रह्यो भन्नेबारे कमै मूल्यांकन हुने गरेका छन् । पार्टीहरूले तात्कालिन आवश्यकता हेरेर नारा बनाउने तर, नाराको मर्म र औचित्यलाई छाड्ने गरेको देखिन्छ । कतिपय नारालाई भने औचित्य नै नभए पनि बिकाउ हिसाबले प्रयोगमा ल्याइरहेका छन् ।*

अग्रलेख



● लेखराज रेग्मी

राजनीतिका विभिन्न कालखण्डमा उठ्ने गरेका विभिन्न नाराहरु र तिनको औचित्य के रह्यो भन्नेबारे कमै मूल्यांकन हुने गरेका छन् । पुष्पलाल श्रेष्ठले निर्धारण गरेको 'नौलो जनवाद' ६ दशक पछि पनि नेपाली कम्युनिष्टहरुले छोड्न सकेका छैनन् । अन्तरिम सरकारको रूपमा हामीले देशभक्त जनतान्त्रिक शक्तिको सरकारको नारा संकुचित अर्थमा ग्रहण गर्‍यौं, बिरोध गर्‍यौं र छोड्यौं पनि । अन्तरिम वा संयुक्त सरकार बन्दा सधैं हामीमा कार्यक्रमीक हिसाबले दायाँ वा बायाँ भडकावहरु देखापरिरहे । बायाँ भड्कावले तात्कालिक ठोस उपलब्धिहरुको अवमूल्यन गर्ने र सही कार्यनीति अख्तियार गर्न नसकेका कारण तथा दायाँ भडकावले आन्दोलनमा उठेको जनताको तागत र प्रतिक्रियावादीहरुको अवस्थाको सही आकंलन गर्न नसकेका कारण करिब-करिब आत्मसमर्पणकै स्तरमा सम्झौता गर्न पुगेका कारणले आन्दोलनले घाटा व्यहोरेका घटनाक्रम इतिहासमा पटक-पटक दर्ज भएका छन् ।



नारा तय गर्दा ख्याल राख्नुपर्ने तीन वटा महत्वपूर्ण सवालमा स्पष्टताको आवश्यकता हुने रहेछ । १) आन्दोलनको दिर्घकालिन चरित्र र आधारभूत एजेण्डा, बाहक शक्तिको वर्गचरित्र र नेतृत्वको प्रश्न । २) तात्कालिक स्थिति, प्राथमिक एजेण्डा र अस्थाई (तात्कालिक) शक्ति सन्तुलन र मिल्नसक्ने (मोर्चा बनाउन सकिने) राजनैतिक शक्तिहरुको सही पहिचान तथा आन्दोलनको आधारभूत शक्तिको तात्कालिक चेतना र नेतृत्वको भूमिकाबारे स्पष्टता । ३) दुवै स्थितिमा सुस्पष्ट दृष्टिकोण आचरण र समर्पणले पैदा गरेको जनविश्वास र जनताको सचेत सहभागिता । हामीले यी तीन सवालमा मूल्यांकन र निर्धारण क्षमता प्राप्त गर्न सक्नुपर्दो रहेछ । सायद यसैलाई प्रतिनिधित्व गर्दै निर्मल लामाले पटक-पटक "देश र जनताको लागि म एकपटक होइन हजार पटक दक्षिणपन्थी बन्न (भनाउन) तयार छु" भन्नुभएको होला । तर, आज आचरण र संस्कृतिको मात्र होइन कार्यक्रम र एजेण्डामा प्रतिक्रियावादी बनिसकेकाहरु लामालाई दक्षिणपन्थी भन्नमा गौरव महसुस गर्दछन् ।

नौलो जनवाद नेपाली क्रान्तिको कार्यक्रम बन्न नसक्ने स्थितिमा परिवर्तन आएको छ । आज राष्ट्रिय पुँजीपति वर्ग उपलब्ध छैन र सबै पुँजीपतिहरु विश्व पुँजीवादी व्यवस्थाका जुनियर बुर्जुवा पार्टनर बनिरहेका छन् । बहुराष्ट्रिय औद्योगिक वा वित्तीय संस्थाहरु बैंकहरु र खुला बजार अर्थतन्त्र यसले पैदा गरेको सहजोड प्रणालीहरुले पुँजीवादी क्रान्तिको नारालाई यथास्थिति वादमा बदलिदिएका छन् । यसरी पुँजीवादी र नयाँ खाले पुँजीवादी राजनैतिक क्रान्तिको ठाउँमा समाजवादलाई न्यूनतम कार्यक्रममा फेरिदिएको छ । त्यसैलाई मध्यनजर गर्दै बुर्जुवा राजनैतिक शक्तिहरु समाजवाद उन्मुखताको सुधारवादी नारामा प्रवेश गरिसकेका छन् र समाजवादलाई कार्यक्रमबाट कटेको फगत निर्जिव नारामा तबिदल गर्न प्रयासरत छन् । यसरी हामी पनि समाजवादी क्रान्तिको चरणमा चाहेर वा नचाहेर प्रवेश गरेका छौं । तर, हामीसँग समाजवादी क्रान्तिको कार्यक्रम रणनीति कार्यनीति र दिशानिर्देश तय भैरहेको छैन । नेपाली कम्युनिष्ट आन्दोलनको यो दुरावस्थाको अन्त्य हाम्रो प्राथमिक राजनैतिक कार्यभार बनेको छ ।

यतिबेला नेपाली राजनीतिमा संविधान वादको बहस चलिरहेको छ । आन्दोलन पछि जारी संविधानले आन्दोलनको प्रतिनिधित्व गर्दछ । यो बुर्जुवा व्यवस्थाको संविधान हो र आन्दोलन सम्झौता र संविधान सभामा भएका संघर्षको पनि एकहदसम्म यसले प्रतिनिधित्व गर्दछ । त्यसैले पश्चगामी खतराबाट जोगाउँदै आन्दोलनका उपलब्धिहरुको रक्षाको हदसम्म जनताको लागि संविधान आवश्यक छ र अग्रगमनको आन्दोलनको ल्याकत र एजेण्डाहरु अगाडि बढाउन प्रचार तथा संगठनका कतिपय कामहरुमा यसको सिमित उपयोग सम्भव छ । तर, जब जनता अग्रगमनको लागि मुठभेडको लागि तयार हुन्छ र साना ठूला संघर्ष हुन थाल्छन् यो संविधान अवरोध बन्दछ ।

